**जातीय समानताको बढावाको निम्ति**
**विद्यमान तथा योजनाबद्ध उपायहरु**

**हङकङ उत्पादकता परिषद्**
**(हङकङ प्रोडक्टिभिटी काउन्सिल)**

हङकङ उत्पादकता परिषद् (HKPC) विधान अनुसार सन् 1967 मा स्थापित भएको एक बहु विषयक संगठन हो जसले हङकङको उद्यमहरुलाई विश्व-स्तरीय उन्नत प्रविधिहरुको निरन्तर प्रयास तथा नवीन सेवाहरु प्रदान गरी उत्कृष्ट उत्पादकतालाई प्रवर्द्धन गर्ने गर्दछ । अन्तर्राष्ट्रिय स्तरमा नवीन, बजार-उन्मुख अनुसन्धान र विकास (R&D) मा राष्ट्रव्यापी नेतृत्व गर्दै, अग्रणी प्रविधिहरू र चौतर्फी उत्पादन सेवाहरूमा विशेषज्ञताको रूपमा, HKPC ले हङकङ र ग्रेटर बे एरियामा नयाँ औद्योगिकीकरणलाई प्रवर्द्धन गर्दछ र नयाँ उत्पादक शक्तिहरूको विकासलाई सहज बनाउँछ, नवप्रवर्तन र प्रविधि (I&T) को लाभ उठाउँछ, साथै हङकङलाई अन्तर्राष्ट्रिय नवप्रवर्तन र प्रविधि केन्द्र र स्मार्ट शहर बनाउन बलियो बनाउँछ । परिषद्ले हङकङका उद्योग तथा उद्यमहरुलाई विस्तृत रुपमा नवीन समाधानहरु प्रदान गरी, उनीहरुलाई स्रोत र उत्पादनको उपयोग गर्न, प्रभावकारिता र लागत घटाउन, साथै स्थानीय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मकता बढाउन सक्षम बनाउँछ ।

सम्बन्धित सेवाहरु

- HKPC ले प्राविधिक तथा व्यवस्थापन परामर्श सेवाहरु प्रदान गर्नुको साथै उत्पादन नवीनता हासिल गर्न, प्रविधि स्तान्तरण गर्न, र व्यावसायीकरण हासिल गर्न प्रशिक्षण दिने गर्दछ, र सरकारी कोष परियोजनाहरुका लागि सचिवालय सेवाहरु प्रदान गर्दछ ।

विद्यमान उपायहरु

- सेवा प्रसार:
  - HKPC को परामर्श, प्रशिक्षण तथा सचिवालय सेवाहरु, आदि उपयुक्त भएमा, अंग्रेजी र/ वा चिनियाँ भाषामा प्रदान गर्दछ ।
- सूचना संचार:
  - HKPC ले संगठनको जानकारी र सेवाहरु बारे सर्वसाधारणहरुलाई सहज रुपमा बुझाउन द्विभाषी(अंग्रेजी र/वा चिनियाँ)मा प्रकाशित गरि वेबसाइटमा राखेको छ ।
  - लागू भएसम्म सर्वसाधारणहरुको सोधपुछहरु अंग्रेजी र/वा चिनियाँमा जवाफ दिईनेछ ।

- कर्मचारी प्रशिक्षण तथा क्रियाकलापहरु:
    - समान अवसर आयोगको आयोजनामा गरिने प्रशिक्षण तथा क्रियाकलापहरु मार्फत कर्मचारीलाई जातीय संवेदनशीलता, सांस्कृतिक विविधता र जातीय भेदभाव अध्यादेश (रेसियल डिस्क्रिमिनेश अर्डिनेन्स, RDO) वा अन्य संगठनहरुबारे जागरुकता गराईन्छ ।

| | |
|---|---|
| भावी कार्यको मूल्यांकन | • HKPC ले निरन्तर विद्यमान उपायहरु कार्यान्वयन गर्नेछ, र जातियताको आधारमा सेवाहरु निष्पक्ष रुपमा सुनिश्चित गर्न सेवाहरुको नियमित मूल्यांकन गर्नेछ र उपयुक्त भएमा सुधारहरु ल्याउनेछ । |
| लिइएको /लिनुपर्ने थप उपायहरु | • कुनैपनि जातीय पृष्ठभूमिको बाबजुद, आम जनताले सेवाहरू वा जानकारी समान रूपमा प्राप्त गरुन् भनि सुनिश्चित गर्न, HKPC ले सेवा वा जानकारी उपलब्ध गराउँदा विविध जातिका समूहहरूको आवश्यकतालाई निरन्तर अवलोकन गर्नेछ । |

जातीय समानताको बढावाको निम्ति विद्यमान तथा योजनाबद्ध उपायहरुको सोधपुछ गर्न, कृपया HKPC लाई निम्न माध्यम मार्फत सम्पर्क गर्नुहोस् -

| | | |
|---|---|---|
| टेलिफोन नं. | : | (852) 2788 5678 |
| फ्याक्स नं. | : | (852) 2788 5900 |
| ईमेल | : | hkpcenq@hkpc.org |
| पत्राचार ठेगाना | : | HKPC Building, 78 Tat Chee Avenue, Kowloon |

**हङकङ उत्पादकता परिषद्**
**मे 2025**